बैठक संख्याः-

आज मिति २०८१ असोज ०७ गते सोमबारका दिन घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

## उपस्थिति

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भोलन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईबा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | |
| १० | श्री साल माया लो | सदस्य | |
| ११ | श्री रमा कुमारी न्याङ्मी | सदस्य | |
| १२ | श्री निम बहादुर थामी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | |
| १४ | श्री दाताराम प्याकुरेल | सचिव | |

## अन्य उपस्थिती

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुधन थिङ | प्रशासन सहायक पाँचौ | |
| २ | सुदिप थापा | कम्प्युटर अपरेटर | |
| ३ | | | |

घ्याङलेख गाउँपालिका
गाउँकार्यपालिकाको बैठक
मिति २०८१ असोज ०७ गते सोमबार
बैठकका प्रस्ताव तथा निर्णयहरु
(समय बिहान ८:०० बजे)

**बैठकका प्रस्तावहरुः-**

१. अघिल्ला बैठकको निर्णयको समीक्षा सम्बन्धमा ।
२. गाउँ शिक्षा समितीलाई पूर्णता दिने सम्बन्धमा ।
३. वार्षिक खरिद योजना स्वीकृत गर्ने सम्बन्धमा ।
४. ज्यालादारीमा कार्यरत पदमा करार विज्ञापन गर्ने सम्बन्धमा ।
५. आन्तरिक आय ठेक्का लगाउने सम्बन्धमा ।
६. आर्थिक सहयोग सम्बन्धमा ।
७. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।

| प्रस्ताव नं. | निर्णयहरु |
|---|---|
| १ | यस अघि भए गरेका निर्णयहरुको समिक्षा गर्नुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो । |
| २ | घ्याङलेख गाउँपालिकाको "शिक्षा ऐन, २०७५" को दफा १६ बमोजिम हुने गाउँ शिक्षा समिति विगत केहि समय देखि पुरानो सदस्यहरुको समयावधी सकिइ अपुर्ण भएकाले सो ऐनको सोही दफा बमोजिमको गाउँ शिक्षा समिति पुर्नगठन गर्न ब्यापक छलफल गरी देहाय बमोजिम मनोनयन गर्ने निर्णय गरियो । |

देहाय

| क्र.स. | पद रहने विवरण | नाम, थर | पद |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | जगत बहादुर भोलन | अध्यक्ष |
| २ | गाउँपालिका उपाध्यक्ष | शंकरमान घलान | सदस्य |
| ३ | वडा अध्यक्षहरु मध्येबाट एकजना | रोशन कुमार भ्लोन | सदस्य |
| ४ | सामाजिक विकास समितिको संयोजक | ज्ञान बहादुर सिजाली | सदस्य |
| ५ | गाउँ कार्यपालिकाका महिला सदस्यहरु मध्येबाट | रमा कुमारी न्याङमी | सदस्य |
| ६ | सामुदायिक विद्यालयको शिक्षकहरु मध्येबाट पुरुष एक | अविन्द्र कुमार थिङ | सदस्य |
| ७ | सामुदायिक विद्यालयको शिक्षकहरु मध्येबाट एक महिला | सुमित्रा थापामगर | सदस्य |

| क्र.सं. | विवरण | नाम | पद |
|---|---|---|---|
| ८ | गाउँपालिका स्थित सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुबाट | रमेश स्याङतान | सदस्य |
| ९ | समाजसेवी, शिक्षाप्रेमी वा चन्दा दाताहरु मध्येवाट | जनक स्याङतान | सदस्य |
| १० | घ्याङलेख गाउँपालिका स्थित शिक्षक महासंघको अध्यक्ष/प्रतिनिधि | महासंघको सिफारिस वमोजिम | सदस्य |
| ११ | विद्यालय निरीक्षक | सुरेन्द्र कुमार स्याङतान | सचिव |

| | |
|---|---|
| ३ | आर्थिक बर्ष २०८१/०८२ को लागि गाउँसभाको १५ औं अधिबेसनबाट स्वीकृत भए वमोजिमका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि सार्वजनिक खरिद ऐन, २०६४ को दफा ६ तथा सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ८ वमोजिम खरिद योजना वनाउनु पर्ने भएकोले, यस गाउँपालिका कार्यालयबाट मिति २०८१/०५/१३ मा ईन्जिनियर मुकेश पूर्वेको संयोजकत्वमा गठित समितीले पेश गरेको खरिद योजनामा व्यापक छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो । |
| ४ | यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, अन्तर्गतको वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा बिभिन्न मितिमा बिभिन्न पदहरुमा ज्यालादारीमा नियुक्ति भए गरेका कर्मचारीहरुको पदमा करार सेवामा पदपूर्तीको लागि विज्ञापन गर्ने साथै नियुक्ति प्रकृयामा हाल ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई प्राथामिकता दिने निर्णय गरियो । |
| ५ | घ्याङलेख गाउँपालिकाको गाउँसभाको १५ अधिबेसनबाट पारित आर्थिक ऐन, २०८१ बमोजिमको तोकिएको दरमा प्रचलित कानून बमोजिम निम्न आन्तरिक आयको ठेक्का लगाउने निर्णय गरियो ।<br>क. दहत्तर बहत्तर शुल्कको ठेक्का- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भए पश्चात |
| ६ | बिभिन्न मितिमा यस गाउँपालिका कार्यालयमा विभिन्न विषयहरुमा आर्थिक सहयोग, उपचार सहयोग माग भई आएकोमा देहाय बमोजिम आर्थिक सहयोग गर्ने निर्णय गरियो । |

| क्र.स. | नाम, थर, ठेगाना | आर्थिक सहयोग गर्नु पर्ने कारण | आर्थिक सहयोग रकम |
|---|---|---|---|
| १. | विजय वाइवा -२ | प्यारालाइसिसको विरामी | १५०००।- |
| २. | चन्द्र बहादुर थिङ -३ | गोठ आगलागी | १००००।- |
| ३. | लाल बहादुर भोलन -१ | मुटुरोग सम्बन्धी | २००००।- |
| ४. | दिपक कुमार भोलन -३ | कान नसुन्ने | १००००।- |
| ५. | लाल बहादुर स्याङतान -४ | फोक्सो र मृगौलाको विरामी | २००००।- |
| ६. | अमृतध्वज वाइवा -५ | खुट्टा भाँचिएको | २००००।- |
| ७. | भोज कुमारी खड्का -२ | पहिरो गई घर भत्किएको | पछि निर्णय हुने |
| ८. | सोम माया लामा -४ | उपचार सहयोग | १००००।- |
| ९. | पुस्म कुमारी भोम्जन -४ | पहिरो गई घर भत्किएको | २००००।- |
| १०. | फुल कुमारी स्याङतान -४ | पाठेघर क्यान्सर | २००००।- |
| ११. | रामकुमार रामदान -२ | लास ढुवानी | १५०००।- |
| १२. | रण बहादुर बुढाथोकि -२ | लास ढुवानी | १५०००।- |
| १३. | ज्ञान बहादुर थिङ-१ | नियमित उपचार तथा औषधि सेवन | २००००।- |
| १४. | विज बहादुर भोलन-१ | मेरुदण्ड भाचिएको | २००००।- |

| | |
|---|---|
| ७ | श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट बिभिन्न मितिमा प्राप्त सुझावहरु (बजेट निर्माण गर्दा, कार्यान्वयन गर्दा, कानून निर्माण गर्दा लगायतका तोकिएका विषयवस्तुहरुमा) आगामी दिनमा कार्यान्वयन गर्दै जाने प्रतिवद्धता गर्ने निर्णय गरियो । |
| ८ | **विविध सम्बन्धमा छलफल गर्दा:** |
| क | पिपलभञ्याङ-हायुटार-सोलाभञ्याङ-वेलबोट-रामपुर सडक खण्ड अन्तरगत वेलबोट देखी रामपुरसम्म सडक स्तरउन्नतीका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय हेटौडामा १ करोड बजेट मागको लागि सिफारिस गर्ने निर्णय गरीयो । |
| ख | यस घ्याङलेख गाउँपालिका वडा नं. १ स्थित अमले स्वास्थ्य चौकी भवन निर्माणका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय हेटौडामा १ करोड बजेट मागको लागि सिफारिस गर्ने निर्णय गरीयो । |
| ग | पि.पि. निर्माण/ईश्वरी जे.भी. र यस गाउँपालिका बीच सम्झौता भई निर्माण भई रहेको प्रशासकीय भवनको म्याद मिति २०८१ भाद्र मसान्त सम्म म्याद कायम रहेकोमा निर्माण सामाग्री ढुवानी लगाएत विविध कारणहरुले गर्दा समयमानै काम सम्मन्न गर्न नसकिएको भनि मिति २०८१/०५/०९ गतेको म्याद थपको निवेदन अनुसार प्राविधिक शाखाबाट छानविन भई निर्माण कार्यको म्याद ६ महिना थपेमा काम सम्पन्न हुने भएकोले सोही बमोजिम समयमानै काम सम्पन्न गराउनको लागि २०८१ असोज १ गते देखी लागु हुने गरी म्याद थप गर्ने निर्णय गरियो । |
| घ | यस गाउँपालिकामा दैनिक ज्यालादारीमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई १ महिना खाईपाइ आएको तलव बरावरको रकम प्रोत्साहन स्वरुप असोज महिनामा भुक्तानी गर्ने निर्णय गरियो । |
| ङ | वस्तीपुर स्वास्थ्य चौकी र शान्तेश्वरी स्वास्थ्य चौकी अन्तरगत सञ्चालन रहेको एम्वुलेन्स चालकहरुको तलव भत्ता गाउँपालिकाबाट भुक्तानी गर्ने निर्णय गरीयो । |